बैठक सं.

आज मिति २०८० साल वैशाख ८ गतेका दिन बिहान ८ बजे यस कटारी नगरपालिकाका नगर प्रमुख श्री राजेश चन्द्र श्रेष्ठज्यूको अध्यक्षतामा तपशिलको कार्यपालिका सदस्यहरुको उपस्थितिमा विविध विषयमा छलफल गर्नका लागि नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थितिः

| क्र.सं. | पदाधिकारी तथा कर्मचारीहरुको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजेशचन्द्र श्रेष्ठ | नगर प्रमुख | |
| २ | गिता खड्का | नगर उप प्रमुख | |
| ३ | पदम लाल मगर | १ नं. वडाध्यक्ष | |
| ४ | प्रेम बहादुर क्षेत्री | २ नं. वडाध्यक्ष | |
| ५ | पुष्कर खड्का | ३ नं. वडाध्यक्ष | |
| ६ | भुपेन्द्र सिंह तामाङ्ग | ४ नं. वडाध्यक्ष | |
| ७ | मोहन बहादुर तामाङ्ग | ५ नं. वडाध्यक्ष | |
| ८ | प्रेम बहादुर मगर | ६ नं. वडाध्यक्ष | |
| ९ | सुविन ढुङ्गाना | ७ नं. वडाध्यक्ष | |
| १० | नविन्द्र कुमार तामाङ्ग | ८ नं. वडाध्यक्ष | |
| ११ | बेग बहादुर आले मगर | ९ नं. वडाध्यक्ष | |
| १२ | क्षेत्र बहादुर खड्का | १० नं. वडाध्यक्ष | |
| १३ | अनन्त हायु | ११ नं. वडाध्यक्ष | |
| १४ | यम्बर बहादुर कटुवाल | १२ नं. वडाध्यक्ष | |
| १५ | शम्भु श्रेष्ठ | १३ नं. वडाध्यक्ष | |
| १६ | अम्बर बहादुर मगर | १४ नं. वडाध्यक्ष | |
| १७ | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य | |
| १८ | भगवती अधिकारी | कार्यपालिका सदस्य | |
| १९ | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | गिता कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २१ | सम्झना मुरी मगर | कार्यपालिका सदस्य | |
| २२ | हेम कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| २३ | मन्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य | |
| २४ | जितेन्द्र बराईली | कार्यपालिका सदस्य | |
| २५ | अनिल किराती | प्रमुख प्रशासकीय अधिकृत | |
| २६ | टामन सिग्देल | अधिकृत छैठौं | |
| २७ | डोरनिधि सुवेदी | सह लेखापाल | |
| २८ | रोशन कार्की | सूचना प्रविधि अधिकृत | |
| २९ | सुदिप श्रेष्ठ | स क अ | |

कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल २०७३

एजेन्डाहरु

१. वार्षिक योजना तर्जुमा सम्बन्धमा
२. कार्यविधि स्वीकृत गर्ने
३. जि.स.स. कोष परिचालन सम्बन्धी
४. SIP योजना सम्बन्धमा
५. ल्यान्डफिल्ड साईट प्रभावितहरुको माग सम्बन्धमा
६. सामाजिक सुरक्षा सम्बन्धमा
७. झोलुङ्गे पुलको बजेट सम्बन्धमा
८. लम्पी स्किन रोग सम्बन्धमा
९. स्पष्टिकरण माग गर्ने सम्बन्धमा
१०. बजेट तथा कार्यक्रम थप सम्बन्धमा
११. पुरानो भूक्तानी सम्बन्धमा
१२. कार्यक्रम संशोधन सम्बन्धमा
१३. विविध।

निर्णयहरु:

१. यस नगरपालिकाको आगामी आव २०८०।८१ को नीति, कार्यक्रम तथा बजेट तर्जुमाको लागि तपसिलको कार्यतालिका सार्वजनिक गरी सोही अनुसार काम गर्ने निर्णय गरियो ।

| सि.न. | चरण | योजना तर्जुमा सम्बन्धी कार्य | समय | कै |
|---|---|---|---|---|
| १ | बजेटको पूर्व तयारी | - वार्षिक आयव्ययको विश्लेषण गर्ने<br>- राजश्व परामर्श समितिको बैठक बस्ने | वैशाख १५ सम्म | |
| २ | श्रोत अनुमान तथा कुल बजेट सीमा निर्धारण | - संघ र प्रदेशबाट अनुदान र राजस्व बाँडफाँटको सीमा र मार्गदर्शन प्राप्त गर्ने<br>- श्रोत अनुमान तथा कुल बजेट सीमा निर्धारण समितिको बैठक बस्ने<br>- कुल बजेट अनुमान, सीमा निर्धारण र मार्गदर्शन तयार गरी विषयगत शाखा र वडामा पठाउने | वैशाख २५ गते सम्म | |
| ३ | बस्तीस्तरबाट योजना छनौट | वडा तथा बस्ती टोल बैठकको कार्यतालिका बनाउने र योजना छनौट गर्ने | वैशाख मसान्तसम्म | |
| ४ | वडास्तरीय योजना प्राथमिकिकरण निर्धारण | - विषयगत रुपमा योजना प्राथमिकिकरण गर्ने | जेठ १० गते सम्म | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ५ | एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा | - बजेट तथा योजना तर्जुमा समितिको बैठक बस्ने<br>-विषयगत समितिहरुको बैठक बस्ने<br>- गैसस तथा विकास साझेदारहरुसँग बैठक बस्ने<br>-आर्थिक तथा विनियोजन विधेयकको मस्यौदा तयार गर्ने | जेठ मसान्त सम्म | |
| ६ | कार्यपालिकाबाट स्वीकृत | कार्यपालिका बैठकमा पेश गर्ने | असार पहिलो हप्ता | |
| ७ | सभामा पेश र स्वीकृत | वार्षिक नीति, बजेट तथा योजना सभामा पेश गर्ने र स्वीकृत गर्ने | असार १० मा पेश र मसान्तसम्म स्वीकृत | |

२. तपसिल बमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो।

- स्थानीय स्वास्थ्य सेवा सञ्चालन कार्यविधि, २०८०
- खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०८०

३. क) जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका २०७५ बमोजिम जिल्ला समन्वय समिति उदयपुरले चालु आ व २०७९।८० को लागि रु १६,५०,००० (६०%) लाखको लागि एउटा आयोजना छनौट गरी पठाउन अनुरोध भइ आएकोले सोको लागि वडा नं ६ को वडा कार्यालय भवन निर्माण आयोजना छनौट गर्ने र नगरपालिकाले व्यहोर्नुपर्ने ४० प्रतिशत (रु. १०,६६,६६९/) नगर सभाले सोही शीर्षकमा विनियोजन गरेको बजेटलाई मान्ने निर्णय गरियो ।

ख) कटारी नगरपालिका र जिल्ला समन्वय समितिको कार्यालय बीच मिति २०७९/०६/२८ मा जिल्ला समन्वय समितिको मौजात कोषबाट कटारी नगरपालिकाको ४ नं. वडा कार्यालयलाई रु. ३० लाख र ५ नं. वडा कार्यालय भवन २० लाख उ. स. बाट बनाउने गरि सम्झौता भएको र उक्त ५ नं. वडा कार्यालय भवन निर्माणको लागि उपभोक्ता समितिबाट श्रमदान जुटने अवस्था नभएकोहुनाले ५ नं. वडा कार्यालय भवनलाई E-bid बाट ठेक्का बन्दोबस्त गरी भवनको निर्माण कार्य सम्पन्न भएको हुँदा ५ नं. वडा कार्यालय भवनको लागि कार्य सम्पन्न प्रतिवेदन प्राविधिक मुल्यांकन समेत पेश गरि वडा नं. ५ को भवन निर्माणको भुक्तानी गर्न विनियोजित २० लाख मध्ये बाँकी रहेको १५ लाख भुक्तानीका लागि निकासा गरिदिन जिल्ला समन्वय समितिको कार्यालय, उदयपुरमा माग गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

४. साना सिचाँइ कार्यक्रम (SIP) अन्तर्गतका तपसिलका नयाँ आयोजनाहरुलाई आगामी आ.व. २०८०।८१ मा कार्यन्वयन गर्न छनौट गर्ने र नगरको दायित्वमा पर्ने साझेदारी रकम (कुल रकमको २०%) व्यहोर्ने प्रतिबद्धता सहित सिफारिस गर्ने निर्णय गरियो ।

| क सं | आयोजना | वडा |
|---|---|---|
| १ | तीनतले बीच कुलो सिचाई आयोजना | ५ |
| २ | चुवाबोटे सिचाई आयोजना | ४ |
| ३ | धप्पर सिचाई आयोजना | ६ |
| ४ | धमिले गर्धने सिचाई आयोजना | ८ |
| ५ | गिद्धवर कुलो सिचाई आयोजना | २ |

५. नगरपालिकाको अस्थायी ल्यान्डफिल्ड साईट प्रभावित क्षेत्र वडा नं ३ को राजावासवासी नागरिकहरुको विभिन्न मागहरु मध्ये हाललाई तपसिलका मागहरु सरसफाई फोहोरमैला तथा नाला सफाई शीर्षकबाट भूक्तानि हुने गरी कार्यान्वयन गर्ने निर्णय गरियो -

अस्थायी ल्यान्डफिल्ड साईट घेराबेरा - १० लाख

स्वास्थ्य बीमा कार्यक्रम - २ लाख

झुल खरिद तथा वितरण कार्यक्रम - १ लाख

६. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको च.नं. ११३, मिति २०८०/१/१२ गतेको पत्रमा कटारी नगरपालिका वडा नं. ०४ का सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण छुट भएका ९८ जना लाभग्राहीहरुको विवरण प्राप्त भएकोमा एक जना लाभग्राहीको विवरण दोहोरो परेको हुँदा ९७ जना लाभग्राहीको विवरण स्वीकृत गरी सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन कोष तथा लेखा नियन्त्रक कार्यालय समक्ष लेखी पठाउने निर्णय गरियो ।

७. कटारी नपाको स्वीकृत कार्यक्रम अन्तर्गत निर्माण हुदै गरेको र निर्माण हुने तपसिलका झोलुङ्गे पुलहरुको विस्तृत अध्ययन प्रतिवेदन र लगत इस्टिमेट तयार भइसकेकोले ती पुलहरुको बहुवर्षिय ठेक्का प्रक्रिया अगाडि बढाउने साथै सो योजनाको लागि नपुग हुने बजेट सम्बन्धित निकायमा माग गर्ने र नियमानुसार नगरपालिकाले लागत सहभागिता व्यहोर्ने समेत निर्णय गरियो -

तपसिल -

| क सं | विवरण | वडा | कैफियत |
|---|---|---|---|

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १ | ज्यामिरे खरिबोट झो पु | १० | सम्पन्न हुने चरण |
| २ | खसीवास झो पु | १ | सम्पन्न हुने चरण |
| ३ | मावि स्कूल सोरुङ खोला झो पु | १० | ठेक्का तथा निर्माण चरण |
| ४ | तिम्नाही कमला खोला झो पु | १ | ठेक्का तथा निर्माण चरण |
| ५ | बेलसोत खोला फुटबल चौर झो पु | १ | ठेक्का तथा निर्माण चरण |

८. कटारी नगरक्षेत्रका गाई भैसीहरुमा लम्पी स्किन रोग व्यापक रुपमा देखा परिरहेकोले यसको लागि आवश्यक पर्ने औषिधि खरिदको लागि भ्याक्सिनेटर शिर्षकको बजेट रु १,००,०००। र शीर्षकबाट पशुसेवा शाखालाई उपलब्ध गराउने निर्णय गरियो ।

९. नगरपालिकाका विभिन्न आयोजनाहरु सम्पन्न गर्नका लागि ठेक्का प्रक्रियाबाट गत आ.व. सम्झौता गरी कार्य गरिरहेका तपसिल बमोजिमका फर्महरुलाई चालु आ.व.मा सम्बन्धित आयोजनाहरु सञ्चालन नभईरहेको सम्बन्धमा ७ दिन भित्र किन काम नभएको भनी स्पष्टीकरण माग गर्ने र स्पष्टीकरण नआएमा आवश्यक कार्वाहीको प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

<u>तपसिलः</u>

| क्र.सं. | फर्मको नाम | आयोजनाको नाम | चालु आ.व.बजेट | कै. |
|---|---|---|---|---|
| १ | आर.डी आत्रेय | कटारी भित्री सडक (क्रमागत) आयोजना | १,६५,००,०००/- | संघीय समपूरक आयोजना |
| २ | भिमेश्वर कन्स्ट्रक्सन | गराँस भित्री सडक कन्स्ट्रक्सन | २१,००,०००/- | |
| ३ | प्रिन्स कन्स्ट्रक्सन | बेतिनी सामूदायिक पार्क निर्माण | ११,८५,०००/- | पर्यटन समपुरक आयोजना |

१०. तपसिल बमोजिमको शीर्षकमा आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी बजेट तथा कार्यक्रम थप गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | कार्यक्रमको नाम | बजेट | खर्च व्यहोर्ने स्रोत | कै. |
|---|---|---|---|---|
| १ | ईन्धन | १०,००,०००/- | आन्तरिक स्रोत | |
| २ | लम्पी स्किन रोग उपचारात्मक कार्यक्रम | ३,००,०००/- | आन्तरिक स्रोत | |
| ३ | चन्द्रावती मा.वि. फिल्ड निर्माण | ३,००,०००/- | आन्तरिक स्रोत | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ४ | गराँस गोठ सुधार कार्यक्रम | २,००,०००/- | आन्तरिक स्रोत | |
| ५ | आर्थिक सहयोग कार्यक्रम | २,००,०००/- | आन्तरिक स्रोत | |

११. पुष्प ट्रेडर्स तथा पञ्चालवी सप्लायर्सबाट नगरपालिकाले गत आ. व. हरुमा विभिन्न कार्यक्रम र आयोजनाका लागि विविध सामग्रीहरु खरिद गरेकोमा बजेट अभावका कारण भुक्तानी गर्न नसकेको हुनाले पुराना आयोजनाको भुक्तानी सम्बन्धी उप मेयरको संयोजकत्वमा गठित ५ सदस्यीय समितिले वडा कार्यालयको सिफारिसको आधारमा स्थलगत तथा प्राविधिक अनुगमन र मुल्यांकन गरि कार्यपालिकामा प्रतिवेदन पेश गर्ने, उक्त प्रतिवेदनको कार्यपालिकामा छलफल गरि भुक्तानीको लागि आवश्यक प्रकृया आगाडी बढाउने निर्णय गरियो साथै सो कामको लागि सम्बन्धित वडाहरुमा आवश्यक कागजात सहित पत्र पठाउने निर्णय समेत गरियो ।

१२. नगरसभाबाट स्वीकृत तपसिल बमोजिमको योजना तथा कार्यक्रम संशोधन र नयाँ कार्यक्रम थप गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम | बजेट | संसोधित तथा थप भएका कार्यक्रम | बजेट | वडा |
|---|---|---|---|---|---|
| १ | ढिकीबास टंकी घेराबारा निर्माण | १,००,००० | ढिकीबास टंकी घेराबारा निर्माण | १,८५,००० | ०५ |
| २ | भोर्ले रोक्का टोल ईनार निर्माण | ८५,००० | | | |
| ३ | लालपुर शाखा सडक झोलुङ्गे पुल जोड्ने नयाँ ट्र्याक निर्माण | १,००,००० | भोर्ले रोक्का टोल ईनार निर्माण | १,००,००० | ०५ |
| ४ | अस्पताल मर्मत सुधार फल्स सिलिङ आयोजना | ७,७५,०० | अस्पताल वाल पेन्टिङ्ग तथा लेखन | १,८५,००० | ०४ |

१३. विविध

क) कटारी नगरपालिका ज्येष्ठ नागरिक संघको लागि भवन निर्माण गर्न आवश्यक बजेट उपलब्ध गराउन सामाजिक मन्त्रालय, विराटनगर कोशी प्रदेशमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

ख) नगरपालिकाको विभिन्न मितिमा भएको साना साना छलफल तथा अन्तर्क्रियाहरुमा नगर प्रमुखको आदेशानुसार टिफिन होटलले मिति २०७९।०९।१७ गते पेश गरेको खाजा खानाको बीलको रकम रु. ८४,२५०/- नियमानुसार विविध खर्चबाट उक्त होटललाई उपलब्ध गराउने निर्णय गरियो ।

ग) नेपाल रग्वी संघ, प्रदेश नं १ को मिति २०७९।११।१५ को पत्रानुसार उक्त संघले मिति २०७९।०४।१६ देखि १८ गतेसम्म आयोजना गरेको रग्वी सम्बन्धी प्रशिक्षण कार्यक्रमको व्यवस्थापन लागि अपुग रकम रु.३२,०००/- विविध खर्चबाट उक्त संघलाई उपलब्ध गराउने निर्णय गरियो ।

घ) मिति २०७९।११।२४ गते इलाका प्रशासन कार्यालय कटारीले पेश गरेको निवेदन अनुसार सो कार्यालयको गाडी ना १ झ १४२३ मर्मत गर्दा लागेको खर्च रु. २८,५००/- सवारी मर्मत शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

ङ) वडा नम्बर १० मा सोरुङ डाँडा सल्ले मोटरबाटो र वडा कार्यालयको ट्रान्समिटर ढुवानी वापतको रकम रु. २५,०००।- वडासचिव बुद्धिविलास भट्टराईलाई सवारी भाडा शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

च) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा न. ४ स्थित सिद्धिचरण राजमार्ग देखि माध्यमिक विधालय मरुवासम्मको बाटो निर्माण तथा नाला र विधालयभित्रको बगैचा निर्माणको लागि अपुग रकम रु ४६,५००।नगर साझेदारी प्रधानमन्त्री रोजगार कार्यक्रम (राजश्व बाँटफाँड स्थानीय नगद) स्रोतबाट भूक्तानी निर्णय गरियो ।

छ) वडा नं १० सोरुङ छविसे वडा कार्यालयको भवन तथा सभा हलमा वाइरिङको सम्पूर्ण काम गरेबापत वडा नं १० निवासी होमबहादुर श्रेष्ठलाई बिल भरपाइको आधारमा रु ३६,००० भुक्तानी दिने निर्णय गरियो ।

ज) वडा नं ९ को अस्थायी प्रहरी चौकी सोरुङ छविसे कार्यालयमा टेकमाइन्ट्स नेटवर्क प्रा.लि.ले इन्टरनेट सेवा जडान गर्दा लागेको खर्च रु १०,५००। सोही प्रा.लि.लाई उपलब्ध गराउने निर्णय गरियो ।

झ) कान्छी बजार तथा चिल्ड्रेन पार्क अगाडी नाला व्यवस्थापन आयोजना शीर्षकमा नगरसभाबाट विनियोजित बजेटबाट सो कार्यमा सबै बजेट खर्च नभएकोले(रु

प्रमुख प्रशासकीय अधिकृत

६,८३,६५४/- मात्र खर्च भएको) बाँकी बजेटबाट तपसिल अनुसारको आयोजना सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिलः

क. डुमटोल ट्राफिक कार्यालय, आयुर्वेद औषाधालय तथा बर्सपार्क क्षेत्रको ढल व्यवस्थापन रु.६७,८९०/-

ख. बजारक्षेत्र नाला/स्ल्याव निर्माण तथा सडक स्तरोन्नती (वडा नं. ०३) रु.१४,४८,०००/-

ग. वडा न. ३ को साकेला पार्कको खानेपानी व्यवस्थापन तथा सरसफाई २,००,०००/-

ञ) वडा न. ३ को डुमटोल ट्राफिक कार्यालय, आयुर्वेद औषधालय तथा बसपार्क क्षेत्रको जम्मा भएको ढल तथा फोहोर पानी व्यवस्थापन गर्न ह्यम पाइप खरिद गरी तोकिएको कार्य सम्पन्न गरिसकिएकोले प्राविधि स्टिमेट र वडाको सिफारिसको आधारमा कान्छीबजार तथा चिल्ड्रेन पार्क अगाडि नाला व्यवस्थापन शीर्षक बजेटबाट लागेको खर्च रु ६७८८८।९६ उपलब्ध गराउने निर्णय गरियो ।

ट) मिति २०८०।०१।०७ गते बसेको विपद व्यवस्थापन समितिको बैठकको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

ठ) मिति २०७९/११/०५ मा शिक्षा शाखाबाट स्थानीय पाठ्यक्रम निर्माण विषयमा पेश भई स्वीकृत भएको टिप्पणी र आदेशलाई अनुमोदन गर्ने निर्णय गरियो ।

ड) मिति २०८०/०१/०५ गते बसेको सार्वजनिक क्षमता तथा सुशासन समितिको बैठकको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

ढ) १४ नं. वडा कार्यालयको च न. ५६९, मिति २०७९।१२।२२ को पत्रानुसार सोलु कोरिडोर १३२ केभि प्रसारण लाइन आयोजनाले तोकिएको ३ वटा कामको लागि क्षतिपूर्ति स्वरुप रु. ३,०१,१४८।६९ उपलब्ध गराउने भनी जानकारीमा आएकोमा उक्त रकम नगरपालिकाको विविध खर्च खातामा जम्मा गर्ने र उक्त रकमबाट सोही वडाको सोही ठाउँको **शौचालय, सेफ्टी ट्याङ्की, भवन मर्मत र सडक स्तरोन्नति आयोजना** संचालन गर्ने निर्णय गरियो ।

ण) नगरको सबै विद्यालयमा आइतबार देखि बिहिबारसम्म १० बजेदेखि ४ बजे र शुक्रबार १० देखि १:३० बजेसम्म पठनपाठन भइरहेकोमा परिवर्तित साप्ताहिक

प्रमुख प्रशासकीय अधिकृत

नयाँ पाठ्यघण्टा ३२ भएकोले सो अनुसार पाठ्यघण्टा पुर्याउन शुक्रबार पनि १० बजेदेखि ४ बजेसम्म पठनपाठन गर्न गराउन नियमित प्र.अ. बैठकबाट सिफारिस भय आएकोले सोही अनुसार सबै विधालयलाई परिपत्र गर्ने निर्णय गरियो ।

त) कटारी अस्पतालमा यही मिति २०८० बैशाख २६ र २७ गते वृहत स्वास्थ्य शिविर सञ्चालन गर्ने निर्णय गरियो ।

थ) वडा नं. १० मा स्थापना भएको बर्थिङ्ग सेन्टरको कार्यालय व्यवस्थापन गर्न आवश्यक पर्ने टेबल र प्लाईउड खरिद गर्न फर्निचर तथा फिक्चर्स शीर्षकबाट रु १५,०००/- विनियोजन गर्ने निर्णय गरियो ।

द) कटारी नगरपालिकाका हलुका सवारी चालक अजय श्रेष्ठ कार्यालयको काममा गाईघाट जाँदै गर्दा मिति २०७९/११/०६ गते मोटरसाईकल दुर्घटनामा परी घाईते भएको र निजको उपचारको लागि आर्थिक सहयोग शीर्षकमा विनियोजित बजेटबाट मिति २०७९ फाल्गुण १० गते रु. २,००,०००/- उपलब्ध गराईएको खर्च अनुमोदन गर्ने साथै घाइते कर्मचारीले पेश गरेको बिल भरपाईको आधारमा उक्त पेश्की खर्च फछ्यौंट गर्ने निर्णय गरियो ।

ध) कटारी नगरपालिकाको तपसिलको वडा कार्यालय भवन निर्माणको लागि जग्गा व्यवस्था भई सकेको र चालु आ.व. २०७९।८० मा भवन निर्माणको लागि बजेट विनियोजन समेत गरिएको तर उक्त बजेट प्राविधिक लगत इस्टिमेट अनुसार पर्याप्त नभएकोले आगामी आ.व. २०८०।८१ मा पूर्ण रुपमा सम्पन्न हुने गरि बहुवर्षिय ठेक्का बन्दोवस्त गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने साथै अपुग रकम आगामी नगरसभाबाट अनिवार्य दायित्वको रुपमा विनियोजन गर्ने निर्णय गरियो ।

<u>तपसिलः</u>

१. वडा न. ६ को कार्यालय भवन निर्माण, सोमबारे

२. वडा न. १४ को कार्यालय भवन निर्माण, लेखानी

न) मिति २०८०।१२।१७ गते बसेको आर्थिक विकास समितिको बैठकको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

ऩ) न्यायिक समितिमा दर्ता भएका उजुरीहरु निरुपणका लागि मेलमिलाप केन्द्रमा पठाई मेलमिलापकर्ताले मेलमिलाप गराएमा प्रतिवेदनको आधारमा मेलमिलाप केन्द्र

प्रमुख प्रशासकीय अधिकृत

सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ बमोजिम मेलमिलाप कर्ताहरुलाई प्रति विवाद प्रोत्साहन स्वरुप रु. ३,०००/-(एकमुष्ट) उपलब्ध गराउने निर्णय गरियो ।

प) प्रधानमन्त्री रोजगार कार्यक्रम २०७९/८० अन्तर्गत वडा नं २ का लागी निर्णय गरिएको रकम रु ५,४२,३८०/ बाट पूर्व निर्धारित आयोजना संशोधन गरी श्री जनता माध्यमिक विद्यालय गुरासेको प्राँगणमा बगैचा निर्माण आयोजना सन्चालन गर्ने निर्णय गरियो ।

फ) मिति २०८०।०१।०७ गते सिलौटा भान्छा घरको विष्णुबहादुर आलेमगरले नगर प्रमुखज्यू लगायत अन्य अतिथिहरुले खाएको खाना खाजाको पेश गरेको बमोजिमको खर्च रु २०,२५०। भुक्तानी गर्ने निर्णय गरियो ।

ब) कार्यालयको खरिद कार्यलाई सहज बनाउन सार्वजनिक खरिद नियमावलीको नियम १६ बमोजिम देहाय बमोजिमको खरिद इकाई गठन गर्ने निर्णय गरियो ।

संयोजक - टामन सिग्देल (अधिकृत छैंटौ)

सदस्य - रोशन कार्की (अधिकृत छैंटौ)

सदस्य - कमल न्यौपाने (सहायकस्तर पाँचौ)

सदस्य - डोरनिधि सुवेदी (सहायकस्तर चौथो)

सदस्य सचिव - युवराज मगर (सहायकस्तर चौथो)

प्रमुख प्रशासकीय अधिकृत